# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७०।८।७
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल कार्तिक महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।७६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिकाले गरेका कामहरुको सन्दर्भमा छलफल विश्लेषण गर्न मिति २०७० साल कार्तिक २२ गते शुक्रवार ११.०० बजे सि.न.पा. कार्यालयको प्राङ्गणमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ बमोजिम निम्नानुसार सूचनाहरु सूचिकृत गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिल**

### सिद्धार्थनगर नगरपालिका कार्यालयको सूचना सूचिकृत विवरण ।

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) बमोजिम

| क्र.सं. | विवरण | गर्नुपर्ने व्यक्ति |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | सेवा प्रदायक कार्यालय र नेपाल सरकारको प्रत्यक्ष निर्देशन तथा स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ बमोजिम स्थापना भएको कार्यालय, कानुनद्धारा स्वशासित संस्था |
| २ | निकायको काम, कर्तव्य र अधिकार | स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ बमोजिम प्रदान गरिएको सवै काम, कर्तव्य र अधिकार |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | कर्मचारी संख्या – १४७ कार्यालय सहयोगी कुचिकार वाहेक सवैलाई |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | |
|---|---|---|
| | | कार्यविवरण उपलब्ध गराईएको । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली ( संसोधित) २०५६ बमोजिम प्रदान गरिएको सबै काम र सो काम गर्नको लागी नगरपालिका कार्यालय अगाडी राखिएको नागरिक वडापत्र बमोजिम |
| ५ | सेवा प्रदान गर्ने निकायका शाखा र जिम्मेवारी अधिकारी | नागरिक वडापत्रमा उल्लेख गरिएको |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | नागरिक वडापत्रमा उल्लेख गरिएको |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | सहभागितामूलक र कार्यकारीणी समिति |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख/ का.अ. श्री टीकादत्त राई र गुनासो सुन्ने अधिकारी वरिष्ठ अधिकृत श्री विवेक कुमार खनाल |
| ९ | सम्पादन गरेको कामको विवरण | नागरिक वडा पत्रमा लेखिएको सबै काम लगायतका थप कामहरु |
| १० | प्रमुखको नाम र पद तथा सूचना अधिकारी | प्रमुख/ का.अ. श्री टीकादत्त राई र सूचना अधिकारी शाखा अधिकृत श्री देव प्रसाद ज्ञवाली |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि | १) स्थानीय स्वायत्त शासन ऐन - २०५५<br>२) स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) -२०५६<br>३) कर्मचारी विनियमावली – २०६७<br>४) भवन निर्माण तथा नक्सा पास तथा कार्यविधि –२०६९<br>५) कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि - २०६७<br>६) मासु पसल व्यवस्थापन सम्बन्धि कार्यविधि - २०७० |
| १२ | आम्दानी, खर्च तथा आथिृक कारोवार सम्बन्धि अद्यावधिक विवरण | पत्र पत्रिका, रेडियो एफ.एम.,मार्फत प्रशारण, वडा नं. १ देखि १३ सम्म को सबै वडा समिति कार्यालय र संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाईएको तथा नगरपालिकाको वेभसाईटमा राखिएको |
| १३ | तोकिए बमोजिमको अन्य विवरण | १) संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सयम समयमा हुने निर्देशनहरु तथा पत्राचारहरु<br>२) नगरपरिषदबाट पारित बार्षिक नीति तथा कार्यक्रमहरु<br>३) न.पा. बोर्डबाट भएका निर्णयहरु<br>४) अन्तिम लेखापरीक्षण |

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिका तथा नगरविकास कोषको संयुक्त लगानीमा निर्माण कार्य भई रहेको सडक पेटी विस्तार तथा निर्माण योजनाको म्याद थप सम्बन्धि मिति २०७०।३।१६ गतेको कार्यालयबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ को नियम २७३(क) अनुसार गठन भई कायम रहेको सार्वजनिक निजी क्षेत्र साझेदारी प्रवर्द्धन समितिको पदाधिकारीहरुको म्याद समाप्त भएको मिति देखि लागु हुने गरी आगामी २०७२ आषाढ मसान्त सम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ५(पाँच)**

सिद्धार्थनगर नगरपालिकाको सामाजिक विकास शाखाबाट आ.व. २०७०।०७१ मा देहायका कार्यक्रमहरु कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धमा :-**

१. सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैलालाई (3R) श्रोतमै न्यूनिकरण, वर्गिकरण, पुनः प्रयोग, पुनः निर्माण गरी जैविक फोहरबाट कम्पोष्टमल बनाउने जनचेतना मुलक तालिम कार्यक्रम संचालन गर्ने ।
२. फोहोरमैला व्यवस्थापनको कार्यलाई PPP को अवधारणा अनुरुप कार्यक्रमहरु बेलहिया गाउँ समाज वडा नं.१, ढाके क्लव वडा नं.४, बैंकरोड व्यापार पर्वद्धन समिति, विभिन्न वडामा गठित फोहोरमैला व्यवस्था समितिका समुह संग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।
३. सिद्धार्थनगर नगरपालिकामा रहेको फोहोरमैला व्यवस्थापन सम्बन्धी श्रोत र साधनलाई वडा स्तरमा पनि प्रभावकारी रुपमा संचालन गरी सबै वडावासीलाई सेवा सुविधा उपलव्ध गराउने ।
४. वडा वडाको सरसफाईका लागि सबै वडालाई सरसफाई कर्मचारी वडाबाटै परिचालन गर्न, गराउन आवश्यक पहल गर्ने ।
५. फोहोरमैला व्यवस्थापन उपशाखामा कार्यरत कर्मचारीहरुलाई एक जोर रेनकोट, माक्स, पंजा र गमबुटको व्यवस्थाका लागि पहल गर्ने ।

**वातावरण संरक्षण कार्यक्रम /वृक्षारोपण :-**

१. सिद्धार्थनगर नगरपालिका वडा नं.३ स्थित सिद्धार्थ बसपार्कमा वृक्षारोपण गरिएको बोट विरुवाको गोडमेल र संरक्षण गर्ने ।
२. पिपरैया प्रा.वि.वडा नं.११ को कम्पाउण्डभित्र र सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने ।
३. वडा नं. ९ भानु मा.वि.को कम्पाउण्डभित्र र सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने ।
४. वडा नं. ८ वडा समितिको कार्यालयको उत्तर तर्फ रहेको जग्गामा बगैचा निर्माण गरी वृक्षारोपण गर्ने र दुर्गा मन्दिर सो दक्षिण तर्फ खुलेको नयां सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने ।
५. वडा नं.११ सिद्धार्थ वनवाटिकामा लगाईएका रुख विरुवाको गोडमेल गर्नुका साथै थप वृक्षारोपण गर्ने
६. फोहोरको कारक तत्वको रुपमा रहेको कालो प्लाष्टीकलाई न्यूनीकरण गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने ।

**सडे गलेका जीवजन्तु सम्बन्धमा :-**

१. सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र मरेका वेवारिसी मानव लास, जीव जन्तु, कुकुर, विरालो, गाई, भैसी, बाखा आदि नियम पूर्वक खाडल खनी व्यवस्थापन गर्ने ।

**खुलादिशा मुक्त सम्बन्धमा** (ODF) :-

१. कम्तीमा ३ महिनामा एक पटक वडा सचिव, सामाजिक परिचालक लगायतको बैठक बसी ODF, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, वातारण लगायतका विषयमा छलफल गर्ने ।
२. वडा वडामा गठित समिति मार्फत सर सफाई परिचय पत्र (पक्की चर्पि हुनेलाई) वितरण गर्न वडा समितिलाई जिम्मा दिने ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

३. यस आ.व.मा कम्तीमा पनि पहिलो चरणमा २५ % वडामा खुला दिशा मुक्त अभियान कार्यक्रम संचालन गर्ने ।

४. ODF कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न प्रत्येक वडामा कम्तीमा पनि ३ महिनामा १ पटक बैठक बस्ने व्यवस्था मिलाउने ।

५. खुलादिशा मुक्त सम्बन्धी विभिन्न जन चेतना मुलक तालिम, पोष्टर, पम्पलेट, सडक नाटक, दाइजो टेली श्रृंखला र सुगन्धपुर दुर्गन्धपुर टेली श्रृंखला लगायतका कार्यक्रमहरु संचालन गर्ने ।

६. सिद्धार्थनगर नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको घरमा पक्की चर्पि भए, नभएको विवरण संकलन गर्ने

७. चर्पि निर्माण गर्न नसक्ने घर परिवारलाई सहयोग जुटाई चर्पि निर्माण गर्न पहल गर्ने ।

**बालबालिका सम्बन्धमा :-**

१. सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयका प्राचार्य, प्रधान अध्यापक, वा प्रतिनिधिहरुलाई बाल क्लव गठन सम्बन्धी तालिम कार्यक्रम आयोजना गर्ने ।

२. नगर पालिका क्षेत्रभत्रका सम्पुर्ण सामुदायिक विद्यालयमा अध्य्यनरत अपाङ्गता भएका विद्यार्थीहरुको तथ्यांक संकलन गर्ने ।

३. सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण अपाङ्गता भएका बाल बालिकाहरुको तथ्यांक संकलन गर्ने ।

४. सामुदायिक विद्यालयमा अध्य्यनरत अपाङ्गता भएका विद्यार्थीहरुलाई गत आ.व.२०६९।०७० मा जस्तै यस आ.व. २०७०।०७१ मा पनि पोशाक वापत नगद रकम उपलव्ध गराउने ।

५. प्रत्येक सामुदायिक विद्यालयमा बाल क्लव गठन गरी निजहरुलाई बाल अधिकार लगायतका विषयमा तालिम कार्यक्रमको व्यवस्था र आवश्यक खेलकुद सामाग्रीको समन्वय गर्ने ।

६. केही वडाहरुमा बाल क्लव गठन गर्ने र खेलकूद सामाग्री वितरण गर्ने ।

७. बाल क्लवका पदाधिकारीहरुलाई रचनात्मक कार्यक्रमहरुमा समावेस गराउने ।

८. बुटवल स्थित सेतो गुराँस संग समन्वय गरी वडा नं. २ ४ र ९ लगायतका वडाहरुमा बाल अधिकार र बालबालिकाहरुलाई फाइदा पुग्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।

**नेपाल सरकारबाट लक्षित वर्गका लागि तोकिए बमोजिमका विभिन्न रचनात्मक आयमूलक , चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।**

**महिला सम्बन्धमा :-**

१. महिलाहरुको हक, अधिकारलाई स्थापित गर्न तथा महिला हिंसा विरुद्ध विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

२. एकल महिलाहरुको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

३. पिछडावर्ग तथा तेश्रोलिंगीहरुको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

४.परिवार नियोजन, यौनरोग, स्वास्थ्य, फोहोरमैला, ODF, पोषण, १००० दिन सुनौला दिन लगायत विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**स्वास्थ्य सम्बन्धमा :-**

१. सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र कार्यरत १०१ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई पोलियो, बालभिटा, भिटामिन "ए", पोषण, १००० दिन सुनौला दिन, डेंगो रोग, क्षयरोगको रोकथाम लागयतका कार्यक्रमहरु विभिन्न संघ संस्थाहरु संग समन्वय गरी कार्यक्रमहरु संचालन गर्ने ।
२. शहरी स्वास्थ्य केन्द्रलाई प्रभावकारी रुपमा जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वय र सहयोगमा संचालन गर्ने ।
३. महिला स्वास्थ्य स्वयं सेविकाको थप सेवा सुविधाका लागि विभिन्न संघ, संस्थाहरु संग समन्वय र सहकार्य गर्ने ।
४. क्षयरोगको निवारण र रोकथामका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
५. विभिन्न संघ संस्थाहरु संग समन्वय गरी नि:शुल्क स्वास्थ्य शिविर, विशेषज्ञ शिविर, औषधि वितरण कार्यक्रमहरु संचालन गर्ने ।

**बजार अनुगमन /मासु पसल :-**

१. विभिन्न कार्यालय संघ,संस्थाको समन्वयमा बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
२.सिद्धार्थनगर नगरपालिकाको नियम कानून र निर्णय विपरित संचालित व्यवसायीहरुलाई नियमानुसार कार्यवाहीका लागि सिद्धार्थनगर नगरपालिकामा पेश गर्ने ।
३. कम्तीमा पनि महिनाको एक पटक बजार अनुगमनका लागि आवश्यक व्यवस्था गर्ने ।
४. बजार अनुगमनको सम्पुर्ण विवरण सि.न.पा.का.मा पेश गर्ने ।
५. बजार अनुगमन निर्देशिका निर्माण गरी स्वीकृत गरी कार्यान्वयन गर्ने ।
६. जिल्ला पशुसेवा कार्यालयको समन्वयमा मासु व्यवसायीहरुलाई तालिम कार्यक्रम आयोजना गर्ने ।

**विभिन्न संघ/संस्था दर्ता सिफारिश एवं नविकरण सम्बन्धमा :-**

१. विभिन्न संस्था दर्ता एवं नविकरणका लागि प्राप्त हुने कागजात अध्यन गरी सम्पुर्ण प्रकृया पुर्याई सिफारिश दिने ।

**निर्णय नं. ६(छ)**

जिल्ला बालकल्याण समिति रुपन्देहीको च.नं. ३७ मिति २०७०।६।१५ को पत्र मार्फत बाल कल्याणका लागी जिल्ला आपतकालिन बाल राहत कोषको अवधारणा पत्र -२०६८ अनुसार स्थापना भएको बाल राहत कोषमा रकमको अभाव रहेकोले आवश्यक सहयोग हुन अनुरोध भै आए अनुसार सो कोषमा न.पा. को संघ संस्था अनुदान शिर्षकबाट रु २५,०००।– (अक्षेरुपी पच्चिस हजार ) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

सिद्धार्थनगर नगरपालिकाको चालु आ.ब. २०७०/०७१ का लागी देहायका योजनाहरु जगेडा कोष र नगरपालिकाको संयुक्त लगानीमा संचालन गर्ने गरी स्वीकृतीका लागी संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

## तपसिल

१. वडा नं. १ बेलहिया मा.वि. बाट सिद्धार्थ राजमार्ग हुदै मानसरोवर होटल सम्म दुवै तर्फ सडकमा सतह ढल निर्माण योजना रु ३३,३०,०००।- (अक्षेरुपी तेत्तीस लाख तिस हजार मात्र)

२. वडा नं. २ मेउडिहवा पुल देखि डण्डा पुल सम्म सडकपिच र दुवै तर्फ सतह ढल निर्माण योजना रु ३३,३०,०००।- (अक्षेरुपी तेत्तीस लाख तिस हजार मात्र)

३. वडा नं. ६ अशोकपथ देखि शुरु भई दुर्गामन्दिर देखि दक्षिण निर्वाणा होटलको दक्षिण सम्म सडक पिच र दुवै तर्फ सतह ढल निर्माण योजना रु ३३,३०,०००।- (अक्षेरुपी तेत्तीस लाख तिस हजार मात्र)

४. वडा नं. ११ पिपरहिया देखि सिसवा सम्म सडक पिच निर्माण योजना रु ३३,३०,०००।- (अक्षेरुपी तेत्तीस लाख तेत्तीस  हजार मात्र)

५. वडा नं. १३ श्रद्धापथ कंक्रिट ब्लक/पि.सि.सि. सडक निर्माण योजना रु ३३,३०,०००।- (अक्षेरुपी तेत्तीस लाख तेत्तीस  हजार मात्र)

६. वडा नं. ९ भानु स्कूल जाने बाटो (भानुपथ) हुदै गोलीगढ सम्म सडक पिच निर्माण योजना रु ३०,२०,०००। (अक्षेरुपी तिस लाख बिस हजार मात्र)

**निर्णय नं.  ८(आठ)**

न.पा. को स्वीकृति मापदण्ड अनुसार सहायक वाटोको न्यूनतम चौडाई २० फिट (६ मिटर) रहेको छ। व्यवस्थित बजार विस्तार गर्ने उद्देश्यले नगरवासीहरुले नगरपालिकाले तोकेको मापदण्ड पालना गर्ने गरी न.पा. को सडक देखि स-साना सहायक सडक खोल्न जग्गा समेत उपलब्ध गराउने गरी सहायक बाटो खोल्न स्वीकृति माग भई आएमा स्थलगत नाप नक्सा गर्दा बाटो खोल्न प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा न्यूनतम चौडाई १० फिटमा नघटने गरी बाटोको लम्बाई अधिकतम १५० फिट नबढने गरी सहायक सडक खोल्न स्वीकृति दिने निर्णय गरियो।

**निर्णय नं. ९ (नौं)**

आ.ब. ०६९।०७० को लागि सडक बोर्ड नेपाल र सिद्धार्थनगर नगरपालिकाको संयुक्त लगानीमा यस नगरपालिका अन्तर्गत विभिन्न वडाका सडकहरुमा शहरी सडक पिच मर्मत कार्य सम्पन्न भई सकेको हुँदा सडक बोर्ड नेपालबाट निकासा हुनु पर्ने बाँकी रकम निकासाको लागि माग गर्ने निर्णय गरियो।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. १० (दश)**

यस न.पा.को १६ औं नगर परिषद्बाट पारित कार्यक्रम र सडकबोर्ड नेपालबाट चालु आ.ब. २०७०।०७१ का लागि प्राप्त भएको बजेट सिलिङ्ग अनुसार सडकबोर्ड नेपाल र सि.नपा. को संयुक्त लगानीमा न.पा. को निम्नानुसार स्थानहरुका सडक पिच मर्मत सुधार कार्यका लागी बार्षिक कार्यक्रम रु ८५,७३,३३७।४६ (अक्षरुपी पन्चासी लाख त्रिरहत्तर हजार तिन सय सैतिस रुपिया पैसा छयालिस) को स्वीकृत गरी नियमानुसार रकम निकासाको लागी अनुरोध गर्ने निर्णय गरियो ।

**सडकको नाम**

जनतापथ, बसटर्मिनल, रुद्रपथ, आवारोड, गल्लामण्डी, नारायणपथ, विमानघाटपथ, बैंककलोनी क्षेत्रको बाटो, भट्टाटोल, विरपथ, कलोनीपथ, भैरहवापथ, प्रभातपथ, कठौतियापथ, कल्याणपथ, शान्तिनगर दक्षिण (सन्तोष गुरुङ्गको घर जाने बाटो), वि.पि. पथ वार्ड नं. ८, मदन आश्रितपथ, शालिग्रामपथ, अन्नपूर्णपथ, उचमिपथ, देवपथ, शान्तिपथ, बसडिलवापथ, प्रभातपथ वडा नं. ९ को वडा समितिको पूर्वपट्टी, मनमोहनपथ वडा नं. ८, वडा नं. १ सितापथ, रानीगाउँ, वडा नं. ४ भवानीपथ, वडा नं. १ मेडिकल कलेजको गेट, रंगशालापथ, वसडिलियापथ, वडा नं. ४ नवदुर्गापथ, वडा नं. ८ शिव मन्दिर देखि कोल्ड स्टोर सम्म ।

**निर्णय नं. ११ (एघार)**

आ.ब. २०६९।०७० मा सिद्धार्थनगर नगरपालिका अर्न्तगत विभिन्न वडाहरुमा सडक मर्मत कार्य गर्नको लागी श्री ब्रेभ कन्स्ट्रक्सन सि.न.पा. वार्ड नं. २ संग सम्झौता भई मिति २०७०।२।१५ गते सम्म कार्य सम्पन्न गर्ने गरी कार्यादेश भएकोमा निर्माण व्यवसायीबाट निर्माण सामाग्री समयमा उपलब्ध हुन नसकेको कारण देखाई तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेको व्यहोरा उललेख गरी मिति २०७०।२।१४ गते म्याद थप गरी पाउँ भनी निवेदन दिए अनुसार जरिवाना नलिई मिति २०७०।७।२९ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२(बाह्र)**

यस नगरपालिकाको १५ औं नगरपरिषदबाट यस नगरपालिकामा आ.ब. २०६९।७० का लागी सडक बोर्ड नेपालबाट सडक मर्मत संभारका लागी प्राप्त भएको रकम रु ४५,५०,०००।-बाट यस नगरपालिका क्षेत्रको निम्न सडकहरुमा मर्मत संभार गर्ने निर्णय भए अनुसार सडक बोर्ड बाट प्राप्त रकममा ३० प्रतिशत रकम न.पा. ले थप गरी जम्मा रकम रु ६४,९९,४६२।७२ को कुल लागत अनुमानमा निर्माण गर्ने गरी ठेक्का प्रकृयाबाट गर्न बोलपत्र आव्हान गरी सूचना प्रकाशित गर्दा सि.न.पा. २ को ब्रेभ कन्स्ट्रक्शन को रु ६४,८८,५०४।०७ बोलपत्र स्वीकृत भई न.पा. बाट कार्यादेश दिइएकोमा हाल निर्माण व्यवसायी(ठेकेदार) बाट रु ६४,९४,०६५।७६ को सम्पूर्ण कार्य सम्पन्न गरी सकेकोले सडक बोर्ड नेपालमा अन्तिम किस्ता रकम निकासा माग गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np